# नागरिक लगानी कोष

**कोषको वित्तीय अवस्था (अपरिष्कृत)**

**२०८० चैत मसान्त सम्मको**

रु. हजारमा

**कोषको स्रोत** (Sources of Fund)

| विवरण | २०८०।८१ चैत मसान्त | २०७९।८० चैत मसान्त |
|---|---|---|
| शेयर पुँजी | ५,३१३,७५० | ४,२५१,००० |
| शेयर प्रिमियम | – | २८३,८७८ |
| **खुद कोष मौज्दात** | २४८,०१२,८२९ | २२९,४७९,०५८ |
| क.ब.बृ. अवकाश कोष | १६१,७८८,५७३ | १४२,६८३,६६८ |
| नागरिक एकाङ्क योजना | १,४०२,६१७ | १,२१८,७३५ |
| उपदान कोष योजना | ३७,१६५,१५८ | ३३,८०५,२७२ |
| लगानी कर्ता हिसाब | ९,९२९,०५६ | ८,८१०,९४८ |
| **राष्ट्र सेवक कर्मचारीको बीमा कोष** | ८,९०७,९०३ | ८,९६५,४८२ |
| नार्क बीमा कोष | १४६,५१९ | १३४,४४७ |
| नागरिक पेन्सन योजना | २२६,८३० | १३९,५३५ |
| बीमा कोष दायित्व | २,९४४,२३४ | २,४९८,९२१ |
| **जगेडा कोष** | २५,५०१,९३८ | ३१,२२२,०५१ |
| केन्द्रीय हिसाब | ३,७९४,७६२ | ४,०४६,७८० |
| अन्य कोष र योजना | २१,७०७,१७६ | २७,१७५,२७१ |
| चालू दायित्व तथा व्यवस्था | ८,०६४,६८५ | ८,४२७,८१० |
| **जम्मा :** | **२६१,३९१,२६४** | **२४२,४४१,७४६** |

रु. हजारमा

**कोषको उपयोग** (Applications of Fund)

| विवरण | २०८०।८१ चैत मसान्त | २०७९।८० चैत मसान्त |
|---|---|---|
| खुद स्थिर सम्पत्ति | २,३३८,००० | २,१५१,९७१ |
| पुँजीगत निर्माण (Capital WIP) | – | – |
| **लगानी** | २३६,८०५,०६१ | २१२,६४७,३०८ |
| नेपाल सरकारको ऋण पत्र | ५००,०००।०० | – |
| मुद्दती निक्षेप | १२६,१२८,१३३ | ११०,४७८,१९३ |
| समयकालीन कर्जा | २५,५४६,६७७ | २३,१३१,२८० |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | ३०,९३२,१५३ | २९,२९८,४९७ |
| सहायक कम्पनीमा लगानी | २,५५०,००० | २,५५०,००० |
| सहभागी सापटी तथा आवास कर्जा | ५१,१४८,०९९ | ४७,१८९,३३८ |
| बैंक मौज्दात | ४,४७४,२४९ | १,१८४,६१४ |
| चालू सम्पत्ति | १७,७७३,९५४ | २६,४५७,८५३ |
| **जम्मा :** | **२६१,३९१,२६४** | **२४२,४४१,७४६** |

माथि उल्लिखित विवरणका अङ्कहरू लेखा परीक्षकको सुझाव अनुसार परिवर्तन हुन सक्नेछ ।

# नागरिक लगानी कोष

**केन्द्रीय हिसाब**

**२०८० श्रावण १ देखि २०८० चैत्र मसान्त सम्मको**

**अपरिष्कृत आय/व्यय हिसाब**

| विवरण | २०८०।८१ चैत्र मसान्त | २०७९।८० चैत्र मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | ३५३,२४७ | ३०५,०३२ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | १,०४१,७९४ | ९३५,०६७ |
| विविध आम्दानी | १७,४८६ | १६,८१७ |
| **कुल आम्दानी** | १,४१२,५२७ | १,२५६,९१६ |
| व्यवस्थापन खर्च | १७८,१६० | १६४,८७८ |
| खर्च व्यवस्था | ५७,७७१ | ५४,७८० |
| **कुल खर्च** | २३५,९३१ | २१९,६५८ |
| कर अगाडिको खुद नाफा | १,१७६,५९६ | १,०३७,२५८ |
| आयकर व्यवस्था | २९४,१४९ | २५९,३१४ |
| **खुद नाफा** | ८८२,४४७ | ७७७,९४४ |

## Particulars

**Financial Ratios & Other Information,**

| Overall | *As of Chitra 2080* | *As of Chaitra 2079* |
|---|---|---|
| Return on Investment (ROI) | **8.49%** | **9.67%** |
| Fund to Investment ratio | **95.48%** | **99.00%** |
| Weighted average cost of fund | **7.99%** | **8.48%** |
| *Central Account* | | |
| Net Worth (Rs. in '000) | **9,108,512** | **8,581,659** |
| Net Worth (Value per share) | **171.41** | **201.87** |
| Earning Per Share (in Rs.) - Annualized | **22.14** | **24.40** |

**१. वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

**२. व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ । कोषको मुख्य आम्दानीको रुपमा कोषले सञ्चालन गरेका योजनाहरुबाट प्राप्त सेवाशुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ । कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्ने अवस्था रहेको छैन ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको विभिन्न अवकाश कोषमध्ये उपदान कोष अन्तर्गत विभिन्न सङ्गठित संस्थाले जम्मा गरेको उपदान कोष रकमबाट सम्बन्धित संस्थाका कर्मचारीहरू अवकाश हुँदा कोषले उपदान बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतमा सङ्गठित संस्थाका सेवा निवृत्त कर्मचारीहरूको उपदान बापत ५ प्रतिशत मात्र कर कट्टी गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई दायर गरिएको रिट निवेदनमा हाल रिट जारी भएको र सो बारे चित्त नबुझाई कर कार्यालय (ठूला कर दाता कार्यालय) हरिहर भवनले उक्त रिटमा पुनरावलोकनको अनुमतिका लागि सम्मानित सर्वोच्च अदालतमा निवेदन दिइएको र उक्त निवेदन विचाराधीन अवस्थामा रहेको ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिइएको र सो हाल विचाराधीन अवस्थामा रहेको ।

**४. सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्सचेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्या ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| २२७५।०० | २०५१।०० | २१०५।०० | ५८ | ५,९९,२२७ |

**५. समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजी बजार तर्फको कारोबारमा प्रतिस्पर्धा, सरकारको जमानत माग गरिएको लगानी असुलीमा समस्या, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो सफ्टवेयरलाई नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर "सूत्र" सँग एकीकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरूमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरुलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउन छुट्टै शाखा व्यवस्था गरी कार्य गर्ने, सहभागीहरूलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढी प्रतिफल प्राप्त हुने सुरक्षित लगानीमा केन्द्रित हुने रणनीति कोषले लिएको छ ।

**६ संस्थागत सुशासन**

कोषको शीर्ष निकायका रुपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियान्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उप समिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको अर्ध वार्षिक प्रतिवेदन समिति समक्ष पेस गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गरिएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

ADV\Pratik works\Baisakh 28**CIT_Quraterly report_2081 Baisakh**

4x35